श्रीमान् उपाध्यक्ष श्री सुनिता अधिकारीज्यूले गाउँसभामा प्रस्तुत गर्नुभएको

आ.व. २०८३/८४ को

# वार्षिक बजेट वक्तव्य

सुनकोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मुलखर्क, ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल

२०८३ असार १०

## **वार्षिक बजेट तथा कार्यक्रम**

आ.व. २०८३/८४

**गाउँसभाका श्रद्धेय अध्यक्षज्यू,**
**प्रमुख प्रशासकीय अधिकृत तथा सभाका सचिवज्यू,**
**गाउँ सभाका सदस्यज्यूहरु,**

नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम आयोजित गाउँसभाको यस गरिमामय अधिवेशनमा उपस्थित सम्पूर्ण महानुभावहरूलाई हार्दिक स्वागत व्यक्त गर्दछु। यस अवसरमा नेपालको लोकतन्त्र, सार्वभौमसत्ता, राष्ट्रियता तथा समतामूलक समाज निर्माणका लागि जीवन उत्सर्ग गर्नुहुने महान सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै लोकतान्त्रिक आन्दोलन तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा योगदान पुर्‍याउनुहुने सम्पूर्ण व्यक्तित्वहरूप्रति सम्मान व्यक्त गर्दछु।

नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय शासन प्रणालीको मर्मअनुरूप स्थानीय आवश्यकता, जनचाहना तथा **"संस्कृति, पर्यटन, कृषि र पूर्वाधार : समावेशी सुनकोशी समृद्धिको आधार"** भन्ने लक्ष्यलाई आत्मसात् गर्दै आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गरेको छु।यस बजेट तर्जुमाका क्रममा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, सङ्घीय तथा प्रदेश सरकारका नीति, आवधिक योजना, दिगो विकास लक्ष्य, विषयगत समितिहरू तथा सरोकारवालाहरूबाट प्राप्त सुझावलाई मार्गदर्शनका रूपमा लिइएको छ।
सीमित स्रोत-साधनको अधिकतम उपयोग गर्दै प्रस्तुत बजेटले सुशासन, पूर्वाधार विकास, उत्पादन वृद्धि, रोजगारी सिर्जना, उद्यमशीलता विकास, महिला सशक्तीकरण, सेवा प्रवाहमा प्रविधिको प्रयोग तथा जलवायु अनुकूल विकासलाई प्राथमिकतामा राखेको छ।

यस बजेटको प्रभावकारी कार्यान्वयनबाट गाउँपालिकाको आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य तथा समग्र विकासमा सकारात्मक परिवर्तन आउने विश्वास लिएको छु।

**गाउँसभाका अध्यक्ष्यज्यू**

अब म बजेट निर्माणका कानूनी आधारहरु प्रष्ट पार्न चाहन्छु ।

१. नेपालको संविधानको धारा २२९ मा गाउँपालिकाको सञ्चित कोष सम्बन्धी व्यवस्था तथा धारा २३० मा राजस्व र व्ययको अनुमान गाउँसभामा पेश गर्ने संवैधानिक व्यवस्था रहेको छ।
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ मा गाउँपालिकामा योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी प्रावधान गरेको छ ।

**गाउँसभाका अध्यक्ष्यज्यू**

अब म आर्थिक वर्ष २०८३-०८४ को बजेटको उद्देश्यहरु निम्नानुसार रहेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

१. स्थानीय आवश्यकता तथा जनचाहना अनुरूप समतामूलक, समावेशी र दिगो विकासलाई प्रवर्द्धन गर्दै समृद्ध गाउँपालिका निर्माण गर्नु।
२. कृषि, पशुपालन, उद्योग, व्यापार तथा पर्यटन क्षेत्रको विकासमार्फत उत्पादन, रोजगारी तथा आयआर्जन वृद्धि गर्नु।
३. शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा सामाजिक सेवाको गुणस्तर अभिवृद्धि गरी नागरिकको जीवनस्तर सुधार गर्नु।
४. सडक, पुल, सिँचाइ, भवन तथा अन्य पूर्वाधारको विकास र विस्तारमार्फत सहज तथा गुणस्तरीय सेवा पहुँच सुनिश्चित गर्नु।
५. सुशासन, पारदर्शिता, उत्तरदायित्व तथा सूचना प्रविधिमैत्री सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु।

**गाउँसभाका अध्यक्ष्यज्यू,**

अब म आ.व. २०८३/८४ को विभिन्न क्षेत्रगत शीर्षक अनुसारको बजेट प्रस्तुत गर्न चाहन्छु ।

*कृषि तथा पशुपन्छी*

१. सुनकोशी गाउँपालिकाको भुगोलको अवस्था, हावापानी, जलवायु, जैविक विविधतालाई मध्यनजर गरी गाउँपालिकाको विकास गर्दै राज्यको विकासमा योगदान पुऱ्याउन कृषि क्षेत्रलाई आधुनिक, व्यवसायिक र उत्पादनमुखी बनाउन आवश्यक पर्ने बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु।
२. कृषि क्षेत्रको विकासको लागि संघ, प्रदेश र गाउँपालिकाको साझेदारी तथा अनुदानको रुपमा गाउँपालिकामा चिस्यान केन्द्र स्थापनाको लागि ६० लाख विनियोजन गरेको छु
३. पशु विकासको लागि डेरी उत्पादन गरी दुग्ध क्षेत्रमा आत्मनिर्भरताको लागि भैंसी पालन कार्य प्रवर्द्धनको लागि ६ लाख विनियोजन गरेको छु।
४. सुनकोशी गाउँपालिकाको हावापानी, भूगोलको सुहाउँदो अवस्था हेरी कोशी प्रदेश अनुदान अन्तर्गत सुनकोशी गाउँपालिका वडा नं. २ मा एभोकाडो खेती प्रवर्द्धनको लागि १० लाख, सुनकोशी गाउँपालिका वडा नं. ९ मा वृहत चिया तथा कफी खेती प्रवर्द्धनको लागि ५ लाख र मौरी पालन कार्यक्रमको लागि ५ लाख गरी प्रदेश अनुदानमा रु. २० लाख रकम विनियोजन गरेको छु।

सुनकोशी गाउँपालिका, ओखलढुंगा

५. नगदेबालीको प्रवर्द्धन गर्न र किसानको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्ने कार्यक्रमको रुपमा कफि विकास पकेटको लागि रु. १२ लाख बजेट व्यवस्था गरेको छु।

*उद्योग, व्यापार, व्यवसाय तथा पर्यटन प्रवर्द्धन*

६. गाउँपालिकामा उद्यमी, व्यवसायी बनाउन संघीय सरकारको अनुदानबाट प्राप्त रु. ७ लाख र गाउँपालिकाको स्रोतबाट रु. ५ लाख गरी जम्मा रु. १२ लाख उद्योग क्षेत्रमा रकम विनियोजन गरेकोछु। गाउँपालिका भित्र सञ्चालन भएका उद्योग, व्यापार व्यवसायहरुलाई गाउँपालिकाको दायरामा ल्याई नियमन तथा प्रवर्द्धन गर्ने व्यवस्था मिलाएको छु।

७. पर्यटन क्षेत्रको पहिचान गरी सो क्षेत्रको प्रवर्द्धन गर्दै गाउँपालिकाको विकासमा सहयोग पुऱ्याउने गरी साधडाँडा यलम्बर पार्क, सुनकोशी -३ को लागि रु. १० लाख, **चञ्चलादेवी मन्दिर व्यवस्थापन**को लागि पालिकातर्फबाट रु. ३० लाख तथा प्रदेशतर्फबाट रु. १३ लाख गरी जम्मा रु. ४३ लाख विनियोजन गरेको छु।

८. गाउँपालिकामा रोजगार प्रवर्धनको लागि राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रमसँग साझेदारी गरी योजना सञ्चालन गर्नको लागि रु. ५० लाख विनियोजन गरेको छु।

९. गाउँपालिकाको पर्यटन क्षेत्रलाई प्रवर्द्धन र विकासको लागि आन्तरिक स्रोत न्यून रहेको अवस्थामा महत्वपूर्ण पर्यटन क्षेत्र नागीडाँडा बुद्ध मुर्ति, तीनछाागे झरना, काली गुफालाई व्यवस्थापन गर्न संघ र प्रदेशमा बजेट व्यवस्थापनको लागि आवश्यक पहल गर्न प्रतिवद्धता गरेको छु

*जलस्रोत तथा सिँचाई*

१०. गाउँपालिका भित्र रहेका जलस्रोतका स्रोतहरुको उच्चतम प्रयोग गर्ने गरी कृषि क्षेत्रको विकासको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

**गाउँसभाका अध्यक्ष्यज्यू,**

*शिक्षा*

११. सुनकोशी गाउँपालिकामा रहेको विद्यालयहरु सञ्चालन तथा व्यवस्थापनको लागि संघीय सशर्त अनुदानमा रु. १५ करोड ८५ लाख विनियोजन गरेको छु।

१२. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुलाई स्थानीय स्रोत साधन, भूगोल, रीति रिवाज, चालचलन, जातजाती, धर्म संस्कार लगायतका विषयमा जानकारी गराई राष्ट्र निर्माणमा सहयोग पुऱ्याउनको लागि स्थानीय पाठ्यक्रम निर्माणको लागि रु. १० लाख विनियोजन गरेको छु।

१३. गाउँपालिकको शैक्षिक गुणस्तर वृद्धि गर्ने उद्देश्यको लागि आधारभूत तह परीक्षा (कक्षा -८) सञ्चालन तथा व्यवस्थापनको लागि रु. ५ लाख, विद्यालयस्तरीय वार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापनको लागि रु. ५ लाख, शैक्षिक पात्रो निर्माणको लागि रु. २

लाख, गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलापको लागि रु. २ लाख, SEE र BLE लगायत क्षेत्रमा उत्कृष्ट नतिजा हासिल गर्ने व्यक्तिलाई सम्मान कार्यक्रमको लागि रु. ५ लाख गरी जम्मा रु. १९ लाख विनियोजन गरेको छ।

*स्वास्थ्य*

१४. सुनकोशी गाउँपालिकामा रहेको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन र जनस्वास्थ्य कार्यक्रमको लागि लागि संघीय सशर्त अनुदानमा रु. ४ करोड १९ लाख विनियोजन गरेको छ।

१५. गाउँपालिकाका नागरिकको स्वास्थ्य उपचार र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामग्री खरिदको लागि रु. ५० लाख विनियोजन गरेको छ।

१६. स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई सेवामा प्रोत्साहन गर्न र उनीहरुको कामको सम्मान गर्नको लागि रु. २० लाख विनियोजन गरेको छ।

*खानेपानी तथा सरसफाई*

१७. सुनकोशी गाउँपालिकाको नागरिकलाई स्वच्छ खानेपानी परिपूर्ति गर्ने उद्देश्यले खानेपानी आयोजनाहरु सञ्चालन गरी **एक घर एक धारा खानेपानी** नीति बमोजिम आवश्यक बजेट व्यवस्था गरेको छ।

१८. नागरिकलाई स्वच्छ खानेपानीको पहुँचको लागि **भिरगाउँ खानेपानी मर्मत सम्भार योजना** कार्यान्वयनको लागि आवश्यक रकम विनियोजन गरेको छ।

१९. संघीय सरकार र गाउँपालिकाको समपूरक अनुदानमा साझेदारी हुने गरी **'ठाडोबारी गुण्डाबारी ककनी हुँदै मुलखर्क खानेपानी'** योजनाको लागि रु. १ करोड ५२ लाख विनियोजन गरेको छ।

२०. संघीय विशेष कार्यक्रम अन्तर्गत गाउँपालिकाबाट कार्यान्वयन हुने दारघारी मुहान-वडा नं. ३ र ४ खानेपानी आयोजनाका लागि रु. ६८ लाख बजेट विनियोजन गरेको छ।

२१. नागरिकका माग र आवश्यकता हेरी खानेपानीको आवश्यकता परिपूर्ति गर्न **चाहाले खानेपानी योजना**, **कहरे खानेपानी योजना**, ककनी, **चित्रे तगारी खोला मुहान गरी चित्रे खानेपानी योजना**, डाँडागाउँ खानेपानी योजना, सुनकोशी ३, छाँगे खोला मुहान गरी ओख्ले चौर खानेपानी, थाँपागाउँ नौलागाउँ लिफ्टिङ खानेपानी योजना, ओखे टाउके खानेपानी योजनाको लागि आवश्यक बजेट व्यवस्था गरेको छ।

सुनकोशी गाउँपालिका, ओखलढुंगा

*युवा तथा खेलकुद*

२२. खेलकुद क्षेत्रको विकास गरी राष्ट्र निर्माण गर्ने उद्देश्य सहित युवा परिचालन गर्न **सुनकोशी गाउँपालिका कप** आयोजनाको लागि रु. १५ लाख विनियोजन गरेको छु।

२३. विद्यार्थीलाई खेलकुद क्षेत्रमा उत्प्रेरित गर्न र भविष्यमा राष्ट्रको लागि खेल मार्फत योगदान पुऱ्याउन राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको लागि रु. ३१ लाख रकम विनियोजन गरेको छु।

*भाषा तथा संस्कृति*

२४. स्थानीय भाषा, कला, साहित्य, संस्कृति, धार्मिक तथा ऐतिहासिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्दै मौलिक पहिचान जगेर्ना गर्न आवश्यक कार्यक्रम सञ्चालनका लागि बजेट व्यवस्था गरेको छु।

२५. स्थानीय भाषा, कला, साहित्य तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले आदिवासी जनजातिको भाषा तथा संस्कृति उत्थान कार्यक्रमका लागि रु. ५ लाख तथा विभिन्न जातजातिका मौलिक पर्व, परम्परा तथा संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि रु. ५ लाख र महान अनुग्रह चर्च व्यवस्थापनको लागि रु. ४ लाख विनियोजन गरेको छु।

*लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण*

२६. महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा पछाडि पारिएका समुदायको सशक्तीकरण, समान अवसर सुनिश्चितता र सामाजिक न्याय कायम गर्न आवश्यक कार्यक्रम सञ्चालनका लागि बजेट व्यवस्था गरेको छु।

२७. सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी तथा सहज बनाउनको लागि प्रत्येक त्रैमासिकमा सबै वडाहरुमा भत्ता शिविर कार्यक्रम सञ्चालन गरी लाभग्राहीहरुलाई सुलभ र सहज सेवाको लागि रु. ७ लाख बजेट व्यवस्था गरेको छु।

२८. सबैको सम्मानको लागि मर्यादित जीवन सुनिश्चितता गर्ने उद्देश्य सहित सुनकोशी गाउँपालिका र कोशी प्रदेश सरकारको साझेदारी कार्यक्रम **'अपाङ्गता रोकथाम तथा पुनर्स्थापना'** कार्यक्रमको लागि रु. १५ लाख विनियोजन गरेको छु।

२९. महिला सशक्तीकरण, क्षमता विकास तथा सामाजिक सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय नारी दिवस, लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान, महिला सशक्तीकरण तथा क्षमता विकास कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**गाउँसभाका अध्यक्षज्यू,**

*सडक तथा पुल*

३०. गाउँपालिकाभित्रका सडक सञ्जाललाई व्यवस्थित तथा स्तरोन्नति गर्दै यातायात पहुँच विस्तार गर्ने उद्देश्यले **मुलखर्क-पारा-मोलुङ दोभान सडक**का लागि रु. ३० लाख, सिस्नेरी भञ्ज्याङ

देखि पञ्चकन्या हुँदै मोलुङ एक्वायर जोड्ने सडक स्तरोन्नतिको लागि रु. १० लाख तथा **आम्बोटे मगरगाउँ जोड्ने सडक**का लागि रु. १० लाख विनियोजन गरेको छु।

३१. स्थानीय पूर्वाधारको सुदृढीकरण तथा सडक पहुँच सुधार गर्ने उद्देश्यले **वडा कार्यालयदेखि प्रबुद्ध मा.वि. गेटसम्म सडक ढलान**का लागि रु. २० लाख तथा **भूतखोला-बान्द्रे जोड्ने सडक निर्माण**का लागि रु. १५ लाख बजेट विनियोजन गरेको छु।

३२. सुनकोशी गाउँपालिकाको गाउँपालिका केन्द्रलाई बस्ती विकास तथा शहरीकरण गर्ने उद्देश्यको लागि ढल व्यवस्थापन, सडक ढलान र स्तरोन्नती गर्न **मुलखर्क बजार-गाउँपालिका केन्द्र-फलाटे बाजर सडक योजना** शिर्षकमा रु. २ करोड बजेट व्यवस्था गरेको छु।

३३. गाउँपालिकाको केन्द्रदेखि चार वटा वडाहरु १, २, ३ र ४ को वडा कार्यालय जोड्ने र राष्ट्रिय राजमार्गसँग पहुँच पुऱ्याई नागरिकको आवतजावतलाई सुरक्षित, सहज पहुँच विस्तार गर्ने उद्देश्यका साथ स्थानीय गौरवका आयोजनाका रूपमा प्रदेश तथा गाउँपालिकाको साझेदारीमा **थुल्मे-सिस्नेरी-फलाटे-मुलखर्क ग्रामीण सडक योजना**का लागि प्रदेश समपूरक कार्यक्रममार्फत रु. १ करोड तथा गाउँपालिकामार्फत रु. ५० लाख गरी जम्मा रु. १ करोड ५० लाख विनियोजन गरेको छु।

३४. वडा नं १ र ४ को सिमानाबाट बलखु भञ्ज्याङसम्म सडक मर्मतका लागि रु. १० लाख रकम विनियोजन गरेको छु।

३५. सुनकोशी गाउँपालिकाको वडा नं. १०, वडा नं. ९ र गाउँपालिकाको केन्द्र जोड्ने गाउँपालिकाको गौरवको आयोजना **मान्द्रे दोभान-कोषभञ्ज्याङ-मुलखर्क ग्रामीण सडक योजना**का लागि प्रदेशमार्फत रु. ४० लाख र स्थानीय तहमार्फत रु. ३० लाख गरी जम्मा रु. ७० लाख बजेट व्यवस्था गरेको छु।

*भवन, आवास तथा शहरी विकास*

३६. गाउँपालिकाभित्रका सार्वजनिक भवन तथा पूर्वाधारहरुको निर्माण तथा स्तरोन्नतिको लागि बलखु माध्यमिक विद्यालय भवनका लागि रु. ३० लाख, कालिका माध्यमिक विद्यालय, कोषहाट भवनका लागि रु. ३० लाख तथा वडा नं. २ कार्यालय वाल तथा घेराबार निर्माणका लागि रु. १५ लाख विनियोजन गरेको छु।

३७. स्थानीय बजारको व्यवस्थापन तथा पूर्वाधार विकासलाई सुदृढ बनाउन फलाटे बजार व्यवस्थापन तथा निर्माणका लागि रु. ३० लाख बजेट विनियोजन गरेको छु।

३८. **पिपलडाँडा स्वास्थ्य सेवा केन्द्र, सुनकोशी -२ भवन निर्माण**को लागि रु. १० लाख विनियोजन गरेको छु।

**गाउँसभाका अध्यक्ष्यज्यू,**

३९. वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, जलाधार संरक्षण तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

४०. विपद् व्यवस्थापन तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन जिल्ला सेफ हाउस अनुदान तथा विपद् व्यवस्थापन कोषमार्फत आवश्यक बजेट विनियोजन गरेको छु।

४१. भूमि व्यवस्थापन तथा प्राकृतिक स्रोतको दिगो उपयोगका लागि भू-उपयोग (जग्गा वर्गीकरण) योजना सञ्चालनका लागि रु. १५ लाख विनियोजन गरेको छु।

**गाउँसभाका अध्यक्ष्यज्यू,**

४२. गाउँपालिकाको प्रशासनिक तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रशासनिक तथा कार्यालय सञ्चालन खर्च, वडा कार्यालय सञ्चालन खर्च तथा स्वास्थ्य संस्था सञ्चालन खर्चका लागि रु. ९ करोड ४० लाख रकम विनियोजन गरेकोछु।

४३. गाउँपालिकाको शैक्षिक क्षेत्र सुधार गर्ने उद्देश्यको लागि विद्यालयहरुमा कार्यरत बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीको मनोबल उच्च पार्न विद्यालय कर्मचारीको मासिक तलब भत्तामा रु. ३ हजार ५ सय वृद्धि गर्दै रु. ७३ लाख विनियोजन गरेको छु।

४४. सामुदायिक विद्यालयहरुमा लामो समयदेखि कार्यरत बाल विकास सहजकर्ताहरु सेवाबाट अलग भएकालाई सम्मान स्वरुप उपदानको व्यवस्था गर्न रु. १० लाख र ६० वर्ष उमेर कटेका विद्यालय सहयोगीहरु सेवाबाट अवकाश भएकालाई उपदानको लागि रु. ५ लाख गरी जम्मा रु. १५ लाख उपदानको लागि रकम विनियोजन गरेको छु।

४५. प्राकृतिक प्रकोप, आपत् विपद् भैपरी आएमा नागरिकको धनजन क्षति न्यूनीकरण गर्न, उद्धार गर्न र राहत उपलब्ध गर्नको लागि प्रकोप व्यवस्थापन कोषमा भएको रकममा थप हुने गरी रु. २० लाख रकम विनियोजन गरेको छु।

४६. सूचना प्रविधि तथा सुशासन प्रवर्द्धन गर्दै स्थानीय तहमा अभिलेख व्यवस्थापन, तथ्याङ्क संकलन तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ।

४७. गाउँपालिकाभित्र सम्पत्ति कर व्यवस्थापनलाई प्रभावकारी बनाउन वडा स्तरमा कर शिक्षा कार्यक्रम सञ्चालन गरी करप्रतिको जनचेतना अभिवृद्धि तथा स्थानीय विकासमा नागरिक सहभागिता बढाउन आवश्यक बजेट व्यवस्था गरेको छु।

४८. स्थानीय तहको न्यायिक कार्यसम्पादनलाई थप प्रभावकारी तथा व्यवस्थित बनाउन मेलमिलापकर्ता समिति गठन, क्षमता अभिवृद्धि, तालिम तथा अध्ययन भ्रमणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४९. वडा स्तरका अत्यावश्यक विकास योजना तथा नागरिकका आधारभूत आवश्यकतालाई प्राथमिकता दिँदै वडागत बजेट तथा चालु खर्चलाई आवश्यक व्यवस्था सहित निरन्तरता दिएको छु।

**गाउँसभाका अध्यक्ष्यज्यू,**

५०. सुनकोशी गाउँपालिकाको सर्वाङ्गीण विकास, सेवा प्रवाह र कार्यसञ्चालन गर्नको लागि संघीय सरकारबाट हस्तान्तरित शसर्त अनुदान कार्यक्रममा रु. **२३ करोड ५८ लाख**, प्रदेश सरकारबाट हस्तान्तरित शसर्त अनुदान कार्यक्रममा **रु. १ करोड ३६ लाख ९२ हजार**, संघीय सरकारबाट हस्तान्तरित समपूरक र विशेष अनुदान योजनामा **रु. २ करोड ४० लाख**, प्रदेश सरकारबाट हस्तान्तरित समपूरक अनुदान योजनामा रु. **१ करोड ४० लाख**, गाउँपालिकाको योजना तथा कार्यक्रममा **रु. १३ करोड ३९ लाख ८ हजार र** गाउँपालिकाको प्रशासनिक खर्चको **लागि ९ करोड ४० लाख गरी** आगामी आर्थिक वर्षमा **रु. ५१,५४,००,००० (अक्षरेपी एकाउन्न करोड चौवन्न लाख मात्र)** रकम बराबरको बजेट विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालु तर्फ **रु. ३७ करोड १७ लाख** अर्थात कुल विनियोजनको ७२.१२ प्रतिशत, पुँजीगत तर्फ **रु. १४ करोड ३७ लाख अर्थात २७.८८** प्रतिशत रहेको छ ।

**५१.** आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतअन्तर्गत राजस्व बाँडफाँटतर्फ रु. ९ करोड ५९ लाख १३ हजार १ सय १५ रहने अनुमान गरिएको छ। त्यसैगरी, संघीय सरकारबाट हस्तान्तरित समानिकरण अनुदानतर्फ **रु. ८ करोड ६४ लाख**, शसर्त अनुदान कार्यक्रममा रु. **२३ करोड ५८ लाख,** समपूरक अनुदानतर्फ **रु. १ करोड ७२ लाख** र विशेष अनुदानतर्फ **रु. ६८ लाख** तथा प्रदेश सरकारबाट हस्तान्तरित समानीकरण अनुदानतर्फ **रु. ७४ लाख ४१ हजार,** शसर्त अनुदानतर्फ **रु. १ करोड ३६ लाख ९२ हजार,** समपूरक अनुदान योजनामा रु. **१ करोड ४० लाख** प्राप्त हुने अनुमान गरिएको छ। गाउँपालिकाको आन्तरिक स्रोत तथा नगद मौज्दाततर्फ रु. **३ करोड ८१ लाख ५३ हजार ८ सय ८५** रहने अनुमान गरिएको छ।

५२. बजेट तथा कार्यक्रम मार्फत समेटिन नसकेका तथा समावेश हुन बाँकी रहेका अन्य कार्यक्रमहरूलाई आगामी दिनमा जनसङ्ख्या, भूगोल, वर्ण, लिङ्ग, क्षेत्र तथा समुदायको अवस्थालाई समेत मध्यनजर गर्दै समतामूलक तथा सन्तुलित विकासको सिद्धान्त अनुरूप क्रमशः समावेश गर्दै लैजाने नीति अवलम्बन गरिएको छ। साथै, गाउँ गौरवका आयोजना तथा ठूला एवं रणनीतिक महत्त्वका आयोजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश तथा सङ्घीय सरकारसँग आवश्यक बजेट तथा स्रोत व्यवस्थापनका लागि आवश्यक पहल गरिने व्यवस्था मिलाएको छु। सीमित स्रोत र साधनको अधिकतम उपयोग गर्दै नतिजामुखी, दिगो तथा प्रभावकारी विकासलाई सुनिश्चित गर्न गाउँपालिकामा साना योजनाभन्दा दीर्घकालीन प्रभाव पार्ने ठूला योजनाहरूलाई प्राथमिकता दिइने विषयमा विशेष ध्यान केन्द्रित गरिएको छ।

बजेट तर्जुमाका क्रममा टोल भेलादेखि गाउँ कार्यपालिकाको बैठकसम्मका विभिन्न चरणहरूमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सुझाव, सल्लाह र सहयोग प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। यस कार्यमा प्रत्यक्ष रूपमा संलग्न हुनुहुने जनप्रतिनिधि, कर्मचारी वर्ग तथा सम्बन्धित सबैमा विशेष धन्यवाद ज्ञापन गर्दछु। त्यसैगरी, सुनकोशी गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सहयोग, सद्भाव र योगदान पुऱ्याउँदै आउनु हुने आम गाउँबासी, करदाता, निजी क्षेत्र, विकास साझेदार, सरकारी तथा गैरसरकारी संघसंस्था, सामुदायिक संस्था, नागरिक समाज, सञ्चार जगत तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। बजेट तर्जुमा गर्नु विकास प्रक्रियाको एउटा महत्वपूर्ण चरण हो भने यसको प्रभावकारी कार्यान्वयन अर्को महत्वपूर्ण पक्ष हो। तर्जुमा गरिएको बजेटको सफल तथा पारदर्शी कार्यान्वयनबाट मात्र अपेक्षित उपलब्धि हासिल गर्न सकिने भएकाले यसको सफल कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाबाट निरन्तर सहयोग, सहकार्य र रचनात्मक सहभागिताको पूर्ण अपेक्षा गरेको छु।

**धन्यवाद।**

सुनकोशी गाउँपालिका, ओखलढुङ्गा

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुलखर्क, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल